# लिखु तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

धोबी बजार, रामेछाप  बागमती प्रदेश, नेपाल

सम्वत् २०८३ साल असोज २७ गते बसेको लिखु तामाकोशी गाउँपालिका गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णयहरुः

## गाउँ कार्यपालिका बैठक संख्याः ०८/२०८३

<table>
<tr><th>क्र.स.</th><th>विषयगत समिति क्षेत्र</th><th>निर्णयहरुको संक्षिप्त व्यहोरा</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>सस्थागत विकास तथा सुशासन क्षेत्र</td><td>१) प्रदेश लोक सेवा आयोगबाट मिति २०८३/०६/२१ मा यस पालिकामा नियुक्तिका लागि सिफारिस भई प्रचलित कानुनबमोजिम नियुक्तिका लागि इन्जिनियरलाई स्वीकृत रिक्त दरबन्दीमा नियुक्ति गर्ने र कार्यक्षेत्र तथा सेवा सञ्चालनको आवश्यकताका आधारमा पदस्थापन गर्ने,<br>२) लिखु तामाकोशी गाउँपालिकाको सेवा प्रवाहलाई प्रविधिमैत्री, प्रभावकारी र पारदर्शी बनाउन हाल स्वास्थ्य शाखामा आशा परियोजना (समन्वय:गणेश उज्जन) को प्राविधिक सहयोगमा विकसित भइरहेको सफ्टवेयर प्रणाली प्रभावकारी देखिएकाले धन्यावाद दिदै एकीकृत सफ्टवेयर प्रणाली विकास तथा कार्यान्वयन गर्ने,</td><td></td></tr>
<tr><td>२</td><td>आर्थिक विकास क्षेत्र</td><td>३) आर्थिक वर्ष २०८३/०८४ मा कृषि तथा पशुपन्छी विकास शाखामार्फत सञ्चालन गरिने विभिन्न अनुदान कार्यक्रमहरूलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी तथा लक्षित वर्गमैत्री ढङ्गले कार्यान्वयन गर्न कृषि तथा पशुपंक्षि विकासका क्षेत्रमा रहेका कार्यक्रम कार्यान्वयन मापदण्ड-२०८३ स्विकृत गर्ने, साथै मिति २०८३ असोज १३ गते आर्थिक विकास समितिबाट भए गरेका निर्णयहरु अनुमोदन गर्ने<br>४) MEDPA कार्यक्रमहरु सञ्चालन गर्नका लागि तपसिलका वडा छनौट गर्ने निर्णय गरियो ।<br><table><tr><th>क्र.स.</th><th>कार्यक्रम तथा आयोजनाहरुको विवरण</th><th>विनियोजित बजेट</th><th>छनौट वडाहरु</th></tr><tr><td>१</td><td>गरिवि निवारणका लागि लघु उधम विकास कार्यक्रम उधमीको स्तरोन्ती (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम)</td><td>३५ हजार</td><td>वडा नं. ४</td></tr><tr><td>२</td><td>उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना</td><td>१ लाख ६८ हजार</td><td>वडा नं. २</td></tr><tr><td>३</td><td>सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि समुहमा प्रविधि हस्तान्तरण</td><td>७० हजार</td><td>वडा नं. ५ र ३</td></tr></table></td><td></td></tr>
<tr><td>३</td><td>सामाजिक विकास क्षेत्र</td><td>५) गाउँपालिकाको सहकार्य, चाइल्ड एण्ड नेटवर्कको सहयोग र सेतो गुराँस राष्ट्रिय बालविकास सेवाको आयोजनामा "ECD Harmony" परियोजना अन्तर्गत चालू आ.व.२०८३/८४ मा पालिकाभित्र रहेका सामुदायिक विद्यालयहरूमा प्रारम्भिक बाल विकास केन्द्र लक्षित गरी लागत साझेदारीमा सम्पन्न गरिने विद्यालय घेराबार तथा Fencing Support, WASH & Model ECDC Program कार्यान्वयनका लागि यस कार्यालयको मिति २०८३/०४/१३ गतेको निर्णयानुसार तपसिलका कार्यक्रमगत</td><td></td></tr>
</table>

**द्रष्टव्यः** निर्णयसँग सम्बन्धित थप जानकारी सम्वन्धित विषयगत क्षेत्र/शाखा/उपशाखाबाटै उपलब्ध हुनेछ।

प्रकाशराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | लिखु तामाकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थोदी बजार, रामेछाप बागमती प्रदेश, नेपाल | विद्यालयहरू छनौट गरी सेतो गुराँस राष्ट्रिय बालविकास सेवा, झम्सिखेल, ललितपुरलाई सिफारिस गरे पश्चात् उक्त लागत साझेदारीमा सञ्चालित कार्यक्रमहरू सम्बन्धित विद्यालयहरूले कार्यान्वयन गरी सम्झौता अनुसार प्राविधिक मूल्याङ्कन तथा बिलका आधारमा सेतो गुराँस राष्ट्रिय बालविकास सेवाबाट हुने भुक्तानीको कार्य सम्पन्न भइसकेकोले यस स्थानीय तहबाट ब्येहोर्नु पर्ने बाँकी लागत साझेदारी रकम तथा खर्च अनुमोदन गरी नियमानुसार सम्बन्धित विद्यालयको नाममा भुक्तानी गर्ने,<br>६) लिखु तामाकोशी गाउँपालिकाको शिक्षक तथा कर्मचारी व्यवस्थापन अनुदान सम्बन्धी कार्यविधि, २०७९ बमोजिम पालिका अन्तर्गतका सामुदायिक विद्यालयमा नियुक्ति तथा पदस्थापन भई कार्यरत शिक्षक कर्मचारीको तलब भत्ता देहाय बमोजिम कायम गरी सम्बन्धित विद्यालय मार्फत निकासा गर्ने,<br>७) सबै प्रकारका शिक्षकहरूको हकमा चालू आ.व.२०८३/८४ को लागि शिक्षा, युवा तथा खेलकुद शाखाद्वारा तयार भएको तलबी प्रतिवेदनलाई पारित गर्ने,<br>८) यस गाउँपालिका अन्तर्गत तपसिलका सामुदायिक विद्यालयका व्यवस्थापन समितिको निर्णय सहित सम्बन्धित विद्यालयद्वारा गरिएको दोहोरो सरुवा सहमति सिफारिसका आधारमा निज शिक्षकहरूको विद्यालयमा कायम दरबन्दी सहितको सरुवा गर्ने, | |
| ४ | पूर्वाधार विकास क्षेत्र | ९) उल्लिखित आयोजनाहरूको प्रकृति तथा प्रचलित वातावरणसम्बन्धी कानुनी व्यवस्थाबमोजिम आवश्यक वातावरणीय अध्ययन गरी प्रतिवेदन तयार गर्न प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination – IEE) तथा संक्षिप्त वातावरणीय अध्ययन (Brief Environmental Study – BES) सम्बन्धी वातावणीय अध्ययन गर्ने, | |
| ५ | वतावरण तथा विपद् व्यवस्थापन क्षेत्र | १०)प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष तथा प्रधानमन्त्री राहत कोषमा आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा सम्पूर्ण जनप्रतिनिधिको हकमा ५ दिन बराबरको सेवा सुविधा बापतको रकम र कर्मचारी, शिक्षक, अन्य सम्पूर्ण पदाधिकारीहरुको मासिक सेवा सुविधाबाट कुल जम्मा रु. २५,०६,४९९-\ (अक्षरुपी: पच्चिस लाख छ हजार, चार सय उनासन्सय रुपैयाँ मात्र ।) जम्मा गर्ने,<br>११)गाउँपालिका वडा नं.७ हल्दे तिल्पुडमा घर छेउमा सुकेकों सिमलको रुख डिभिजन वन कार्यालय मार्फत नै हटाउन र उक्त रुख हटाउँदा लाग्ने लागत नियमानुसार गाउँपालिकाले व्यहोर्ने साथै यसरी हटाइएको रुखबाट प्राप्त हुने वन पैदवार लिलाम विक्रि गर्न डिभिजन वनबाट नै गर्ने | |

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम माथि उल्लेखित निर्णयहरु सर्बसाधारणका लागि प्रकाशन

प्रकाशराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

**द्रष्टव्यः** निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित विषयगत क्षेत्र/शाखा/उपशाखाबाटै उपलब्ध हुनेछ।